# अनुसन्धानमा पुस्तकालयको प्रयोग



रमेश निरौला

## परिचय

अनुसन्धान प्रस्ताव सफल हुनु वा नहुनु यो कसरी र कहाँबाट तयार गरियो भन्ने प्रश्नमा निर्भर रहन्छ । भरपर्दा सार्वजनिक श्रोतको प्रयोग गरी गरिएको अनुसन्धान समाजमा उपयोगी हुन्छन् । यति मात्र नभइ अनुसन्धाताले एक मात्र श्रोतको प्रयोग गरेर तथ्यांक संकलन गरेको हो भने यो विश्वासिलो मान्न सकिदैन । धेरै प्रकारका तरिका र प्रविधि प्रयोग गरी संकलित तथ्यांकका कारण अनुसन्धानका प्रश्न पूर्ण हुनसक्छन् । तथ्यांक संकलनमा विभिन्न विधि उपयोगी हुनसक्छन् जसमध्ये एक पुस्तकालय सामग्री संकलन र खोजी हो ।

## आवश्यक

पुस्तकालय सूचनाका महत्वपूर्ण श्रोत हुन् । पुस्तकालयमा भएका सामग्रीको अध्ययन गरी आफूलाई आवश्यक तथ्यांकको टिपोट नै पुस्तकालय सामग्री खोजीको तरिका हो । जसका लागि विभिन्न चरणमा पुस्तकालयसँग काम गर्नुपर्ने अनुसन्धाताको वाध्यता हुन्छ । सवै सामग्री पुस्तकालयबाट प्राप्त नहुन पनि सक्छन तर पुस्तक, पम्प्लेट, पत्रपत्रिका, जर्नल आदिको अध्ययनपछि अनुसन्धानका लागि आवश्यक प्रारम्भिक सामग्रीको जोहो हुन पुग्दछ । समस्याको समाधान नभएपनि पुस्तकालय अध्ययनबाट अनुसन्धानका लागि आवश्यक प्राथमिक सामग्रीको निश्चित ज्ञान प्राप्त हुनेछ । यसले सम्वन्धित क्षेत्रमा पूर्व प्रकाशित सामग्री र पूर्व कार्यका बारेमा जानकारी दिन्छ । अनुसन्धानका क्षेत्रमा गर्न लागिएको काम पहिले भएको भएमा त्यसको जानकारी र आगामी मार्ग यसै पुस्तकालय अध्ययनले देखाउनेछ । यति मात्र नभई अनुसन्धानका विधि र तिनीहरूको प्रयोगको सम्भावना पनि यसै चरणमा पूरा हुनेछन् ।

तथ्यांकको संकलन सम्वन्धित क्षेत्रमै गएर गरिएको छ भने त्यस्तो अनुसन्धान बढी आधिकारिक र उपयोगी हुने भ्रम यस क्षेत्रमा रहेको पाइन्छ । त्यसैले फिल्डमा गरिने अनुसन्धानलाई बढी महत्वको ठानिने गरिन्छ तर यसो भन्नेहरूले पनि पुस्तकालयको अनुसन्धानलाई कम आँक्न मिल्दैन । किनकि, कतिपय अनुसन्धान हुन वाँकी कुरा पुस्तकालयमा छोपिएर रहेका हुनसक्छन् । अझ डाटा वा तथ्यांकको प्रयोग विश्लेषणमा निर्भर रहन्छ । तथ्यांकलाई विविध कोणबाट विश्लेषण गर्न सकिने सम्भावना सदैव रहन्छ । यस्ता सामग्रीको प्रयोग र पुर्नप्रयोगबाट तथ्यगत कुरा समाजसामु पुग्न सक्ने भएकाले पुस्तकालय अुनसन्धान आवश्यक, महत्वको र उपयोगी छ । पुस्तकालयमा प्राप्त हुने सूचना कुनै समय फिल्डबाटै संकलित सामग्री हुने भएकाले तिनको उपयोग कुन हदसम्म गरियो पत्ता लगाई बाँकी कामको विश्लेषण गर्नु जरूरी हुन्छ । हरेक पुस्तकालयमा यस्ता पुस्तक हुनसक्छन् जसमा सरकारी वा गैह्रसरकारी तथ्य प्रस्तुत गरिएका हुन् । यी पुस्तकमा सामाजिक, आर्थिक र राजनीतिक समस्याका वावजुद फरक फरक समयका सूचना हुनसक्छन् । यस्ता सूचना वा सामग्री अनुसन्धानका लागि कच्चा पदार्थ मानिन्छ ।

## पुस्तकालय विधि प्रयोगका तरिका

पुस्तकालय अध्ययन कम जटिल मानिन्छ तर पनि यसका आफ्नै विशेषता रहेका छन् । पुस्तकालय ज्ञानको भण्डार र संकलन केन्द्र भएकाले आवश्यक सामग्री मात्र प्राप्त गर्नु चुनौतीपूर्ण छदैछ । यसको प्रयोग कसरी र के उद्देश्यका लागि गर्ने भन्ने कुरा स्पष्ट नभएसम्म अनुसन्धाता पुस्तकालय संकलनमा अल्मलिने सम्भावना बढेर जान्छ । आफ्नो अध्ययनका लागि यथेष्ट सामग्री भएर पनि खाली हात बाहिरिनु नपरोस् भन्नका लागि पुस्तकालयको संरचनादेखि प्रविधिसम्म जानकारी आवश्यक छ । आजभोलि त पुस्तकालयहरू पाठकले आफैं प्रयोग गर्नुपर्ने भएकाले यस्तो अवस्थामा पाठक संकलनसँग परिचित नहुन सक्छन् । भएका सामग्री, सन्दर्भसेवा र वाङमयसूचीका बारेमा जनाकारी राख्नेदेखि संकलनको प्रकृतिसम्म ख्याल राखेमा भएका सामग्री प्राप्त गर्न असम्भव छैन । आधुनिक युगमा पुस्तकालयहरू बैज्ञानिक विधिद्वारा व्यवस्थापन गरिएका हुन्छन् त्यसैले सूचनाको प्रकृत्तिका आधारमा सम्वन्धित विषयका सामग्री एकै उपलब्ध हुने सम्भावना बढी रहन्छ । कुनै पुस्तकालयले आफ्नो कार्यक्षेत्रका कारण कुनै आफ्नै नियम बनाएको हुनसक्ला नत्र मूलभूत रूपमा सन्दर्भसामग्रीको प्रयोग र मूल सामग्रीको प्राप्ति मिल्दाजुल्दा हुनजान्छन् ।

### क्याटालग

पुस्तकालयमा भएका सामग्रीको सूची नै क्याटालग हो । यस्तो सूची हरेक पुस्तकालय सँग हुनै पर्दछ । प्रविधिको तीव्र विकास हुनुअघि यस्ता सूची कार्डका रूपमा निस्कन्थे र पुस्तकालयमै रहन्थे । तर विकासले फड्को मारेसँगै यस्ता कार्ड क्याटालगको प्रचलन हराउदै गयो र पुस्तकादि सामग्रीको सूची कम्प्यूटरमा संग्रह गर्न थालियो । एकै समयमा बहुप्रयोग, खोजेको कुरा तुरुन्त प्राप्त गर्न सकिने र बहुउपयोगी भएकाले कम्प्यूटर क्याटालगले कार्ड क्याटालगलाई छिटो बिस्थापन गर्‍यो । क्याटालगमा लेखक, शीर्षक, विषय, प्रकाशक, प्रकाशन वर्ष जस्ता महत्वपूर्ण कुरा कुराका साथमा त्यस्तो पुस्तकमा भएका मुख्य धारणा समेत रहने भएकाले उक्त सामग्री आफ्ना लागि आवश्यक हो वा होइन अनुसन्धाताले क्याटालगबाटै आशिंक रूपमा थाहा पाउन सक्छ । हरेक पुस्तकालय क्लासिफिकेशन पद्दतिका आधारमा व्यवस्थापन गरिने भएकाले मिल्दा जुल्दा विषयलाई एकत्रित गर्ने र फरक विषयलाई छुट्याउन सहयोगी हुन्छ । क्याटालगमा क्लासिफिकेशन नम्वरका आधारमा निर्मित कल नम्वर राख्ने र यसले पुस्तकको अवस्थिति बताउने भएकाले विषय र स्थान दुवै क्याटालगबाटै अनसन्धाताले प्राप्त गर्न सक्छ ।

### अनुक्रमणिका र सन्दर्भसूची

सन्दर्भसूचीले अनुसन्धान उपयोगी सामग्रीको श्रोत पत्ता लगाउन मद्दत गर्छ । एक सामग्रीले एक मात्र कल नम्वर दिने भएकाले पुस्तकभित्र के कस्ता सामग्री समावेश छन् भन्न नसकिने हुन्छ । यस्तो अवस्थामा पुस्तकमा भएका अनुक्रमणिका र अन्तिम पानातिर राखिने राखिने सन्दर्भसूचीले थप सामग्रको उपलब्धता बताइदिने छन् । साथै विषयका बारेमा प्रकाशित हुने अनुक्रमणिकाको पुस्तकले यस क्षेत्रमा प्रकाशित भएका सबै सामग्रीको जानकारी दिन्छ । विभिन्न विषय समिति वा संस्थाले प्रकाशन गर्ने यस्ता इन्डेक्स (अनुक्रमणिका) मा आवधिक प्रकाशन, जर्नल, सरकारी प्रकाशन, विषेश अवसरका प्रकाशन जस्ता श्रोतबाट तिनले समेटेका विषय राखिएका हुन्छन् ।

### आवधिक प्रकाशनका अनुक्रमणिका

यस्ता अनुक्रमणिकाले समय समयमा प्रकाशित लेख रचनाको बारेमा जानकारी दिन्छन् र यस्ता सामग्री उल्लेखित प्रकाशनमा रहेको देखाइदिन्छन् । यी सामग्री अनुसन्धाताका लागि बढी महत्वका हुने नै भए । यस्ता इन्डेक्सले आवधिक रूपमा आउने पछिल्ला





सामग्रीको जानकारी दिनु नै प्रमुख उद्देश्य राखेका हुन्छन् । यिनमा लेखक, विषय, शीर्षक, अंक, वर्ष, प्रकाशन स्थान इत्यादिको जानकारी राखी प्रकाशन गरिन्छ । कतै कतै यस्ता इन्डेक्स विषय छुट्याएर छुट्टाछुट्टै भोल्युममा समेत प्रकाशन गर्ने गरेको पाइन्छ ।

### राष्ट्रिय सन्दर्भसूची

देशभित्र प्रकाशन भएका सामग्रीको सूची विषयगत रूपमा प्रकाशन गर्ने काम हरेक देशमा राष्ट्रिय पुस्तकालयले गर्छ । नेपालमा भने यस्तो काम युनेस्कोको सहयोगमा त्रिविकेन्द्रीय पुस्तकालय र राष्ट्रिय पुस्तकालयले बिगतमा गर्ने गरेको पाइन्छ । तर हालका वर्षहरूमा यस किसिमको प्रकाशनतर्फ कुनै चासो देखाइएको पाइदैन । त्यसो त राष्ट्रिय पुस्तकालयको अवस्था नै हाल नाजुक देखिन्छ । कार्ययोजनाको कमी, भवनको अभाव, सामग्री संकलनमा राष्ट्रिय संकलन ऐन नहुनु र जनशक्तिको कमी जस्ता कारण नेपालको राष्ट्रिय पुस्तकालय अन्यौलमा देखिन्छ ।

### विषय सन्दर्भसूची

अनुसन्धाताले आफ्नो काम थाल्नु अघि विषय सन्दर्भसूची भए नभएको पत्ता लगाउनु पर्छ । यस्तो सूची भएमा सूचीले समेटका सामग्रीको प्रयोग गर्नेर पछिल्ला सामग्री मात्र आफैंले खोज्नु बुद्धिमत्तापूर्ण ठहर्छ । विषयगत छुट्टै सूची रहेछ भने अनुसन्धाताको धेरै समय बँच्ने हुन्छ ।

### पुस्तकालय सूची

पुस्तकालयको क्याटालगले नै भएका सामग्रीसम्म पुर्‍याउने काम गर्छ । अल्फावेटिक रूपमा फाइलिङ्ग गरिने भएकाले यस्ता क्याटालग खोज्न समय र श्रम दुवै हिसावले कम खर्चिलो मानिन्छ । पुस्तकालय विज्ञान सम्वन्धी सामग्री आवश्यक परेमा नेपालीको शब्द 'पुस्तकालय', 'अभिलेखालय', 'संग्रहालय' जस्ता शब्द र अंग्रेजीमा 'Library', 'Documentation Center', 'Archivg' आदि खोज्दा सम्भावित सामग्री सजिलै भेटन सकिने भएकाले पुस्तकालय क्याटालग भरपर्दा श्रोत हुन् । अझ यस्ता क्याटालगले कल नम्वर समेट प्रदान गर्ने भएकाले सामग्रीको अवस्थिति पनि एकैसाथ थाहा हुन्छ ।

### युनियन लिष्ट

विशेष पुस्तकालयहरू वा कुनै क्षेत्रमा अवस्थित पुस्तकालयका संकलनको सूची नै युनियन लिष्ट हो । यस्ता सूचीले पुस्तकालयमा भएका सामग्री, तिनको कल नम्वर र कुन पुस्तकालयमा रहेको छ त्यसको विवरण दिन्छ । यस्ता सामग्रीको सूची कुनै पुस्तकालय वा संस्थाको अगुवाइमा सबै पुस्तकालयका क्याटालग एकत्रित गरी अल्फावेटिक रूपमा प्रकाशन गरिन्छ । शुरुमा विषय वा कल नम्वर अनुसार सामग्री राख्ने र यस्तो सामग्री कुन पुस्तकालयको कुन स्थानमा छ भन्ने जानकारी गराइएको हुन्छ । जस्तै : 'पुस्तकालय विज्ञानको रूपरेखा' नामक पुस्तकको कल नम्वर ०२० र लेखकको नाम नारायणप्रसाद मिश्र र शान्ति मिश्र छ उक्त पुस्तकको युनियन लिष्ट अनुसार त्रि.वि.केन्द्रीय पुस्तकालयमा र मार्टिन चौतारी पुस्तकालयमा यस्तो हुने देखिन्छ :

TU Central Library
020
M687p
2038

Martin Chautari Library
020
MIS
2038

माथिको उदाहरणमा त्रिविकेन्द्रीय पुस्तकालय कीर्तिपुरले **'020'** पुस्तकालय विज्ञानको डिवी डेसिमल स्किमको नम्वर, लेखकको थरको पहिलो अक्षर **'M'** र त्यस थरलाई **Cutter Table** ले दिएको नम्वर **'687'** साथमा पुस्तकालय विज्ञानको अंग्रेजी रोमनमा उच्चारण हुने पहिलो अक्षर **'P'** प्रयोग गर्‍यो र अन्त्यमा **2038** सालको प्रकाशन वर्ष राखेको देखिन्छ । मार्टिन चौतारी पुस्तकालय थापाथलीले यसै पुस्तकलाई **'020'** पुस्तकालय विज्ञानको डिवी डेसिमल स्किमको नम्वर, लेखकको थरको पहिलो तीन अक्षर **'MIS'** र अन्त्यमा **2038**

सालको प्रकाशन वर्ष राखेको देखिन्छ ।

## सन्दर्भ पुस्तक

हरेक पुस्तकालयमा केही सन्दर्भ पुस्तक रहन्छन, जो आम पाठकका लागि घरमा लगेर पढ्ने सुविधा हुदैन । यस्ता पुस्तक डिक्स्नेरी, इन्साइक्लोपेडिया, वर्ष पुस्तक आदि हुनसक्छन् । यी पुस्तकमा अनुसन्धाताका लागि महत्वपूर्ण सूचना संगृहित हुन्छन । वर्ष पुस्तकमा रहेका कुरा पुस्तकालय क्याटालग, युनियन क्याटालग वा प्रकाशित अनुक्रमणिकामा उल्लेख गर्न सकिदैन त्यसैले यस्ता सामग्रीको प्रयोग अनुसन्धाता आफैँले पुस्तकालयमा नै बसेर खोज्नु पर्छ । यस्ता सन्दर्भ सामग्रीले अनुसन्धातालाई दिने एकमात्र सुविधा तिनको अल्फावेटिक प्रकाशन मात्र हो । यस्ता सामग्रीका फूटनोट, सन्दर्भसूची र तिनले देखाएका सम्भावित सामग्रीको होसियारीपूर्वक अध्ययन अनुसन्धाताको कर्तव्य हो ।

## विशेष प्रकाशन

विषय सम्वन्धी पछिल्लो समयमा प्रकाशित सामग्रीका लागि आवधिक प्रकाशन महत्वपूर्ण मानिन्छ । वर्ष, अंक वा पूर्णाङ्कमा प्रकाशन हुने पत्रपत्रिकामा नियमित रूपमा महत्वपूर्ण सूचना प्रकाशित भइरहेका हुन्छन् । यस्ता प्रकाशनमा पुस्तक समीक्षा जस्ता महत्वका विषयवस्तु समाविष्ट गरिएको हुन्छ । नेपाली म्यागाजिन र पत्रपत्रिकाले पनि आजभोलि पुस्तक समीक्षा सहितका आफ्ना अंक प्रकाशन गर्ने गरेका छन् ।

**नेपालमा आमसञ्चार र पत्रकारिता सम्वन्धी सामग्री आवश्यक परेमा मार्टिन चौतारी पुस्तकालय जति उपयोगी स्थान अन्यत्र नहोला । त्यस्तै नेपाली भाषा साहित्यका पुस्तक वा पत्रपत्रिकाका लागि मदन पुरस्कार पुस्तकालयमा पहाच पुऱ्याउनु पर्ने हुन्छ । पुस्तकालयमा एकै प्रकारका सामग्रीमात्र नहुने भएकाले सामग्रीमा हराउने भन्दा सामग्रीको चलाखीपूर्ण रूपमा प्राप्तिका लागि पुस्तकालयकर्मी र पुस्तकालय साधनको प्रयोगमा सम्वन्ध बढाउनु सफल अनुसन्धाताको गुण हो ।**

## सरकारी प्रकाशन

संसारका हरेका सरकार वा सरकारी निकायले नियमित तथ्यांक संकलन गर्ने गर्दछन्, यसमध्ये एक जनगणनालाई लिन सकिन्छ । स्थानीय निकायको सञ्चालन स्थानीय स्तरबाटै गर्नुपर्ने मान्यताको विकासका पछाडि यस्तो निकाय आवश्यक सूचना संकलक भएकाले हो । एक गाविसमा रहेको घर संख्या, जनसंख्या, बेरोजगारी दर वा साक्षरता प्रतिशत सवै स्थानीय निकायसँग हुने भएकाले गाविसलाई वजेट, कार्यक्रम र अधिकारले सम्पन्न गराउदै लगिएको हो । यस्ता तथ्य सम्वन्धित निकायले त प्रयोग गर्ने नै भए, अनुसन्धाता वा नीति निर्माताका लागि उपयोगी हुने ठानेर समय समयमा प्रकाशन समेत गरिन्छ । यिनै प्रकाशन विभिन्न पुस्तकालयमा आइपुग्छन् र अनुसन्धाताका द्वितीय श्रोत भएर प्रयोग गरिन्छ । यस्ता सरकारी वा स्थानीय सामग्री आवश्यक विश्लेषण पछि प्रकाशित गरिने भएकाले पुस्तकालय प्रयोगकर्ताले प्रारम्भिक तथ्यांकमा काम गर्नुपर्ने बाध्यता पर्दैन । युनेस्को, अन्तर्राष्ट्रिय श्रम संगठन, सार्क, संयुक्त राष्ट्रसंघ जस्ता एजेन्सीका प्रकाशन आधिकारिक मानिने भएकाले यस्ता सामग्री कतिपय पुस्तकालयमा संग्रह गरिएका हुन्छन् । संयुक्त राष्ट्रसंघले त्रि.वि.केन्द्रीय पुस्तकालयमा आफ्ना सामग्रीको संकलन गर्न डिपोजिटरी कक्ष नै स्थापना र सञ्चालन गरेको छ ।

अनुसन्धाताले पुस्तकालयमा काम गर्दा यस्ता सामग्री कसरी चिन्ने र प्राप्त गर्ने जान्नु जरूरी छ । व्यवस्थित रूपमा राखिएका नभएपनि अनुसन्धाताले तिनको अध्ययन र आवश्यक सामग्री टिपोटमा कुनै कसर बाँकी राख्नु हुदैन ।

## सान्दर्भिकताको खोजी

सूचना विविध प्रकारका हुन्छन र तिनको संकलनका चरणमा कुन आवश्यक तथा कुन अनावश्यक भन्ने प्रश्न पटक पटक उठ्दछ । संकलकको रूची, इच्छा र उपयोगिताका कारण अनुसन्धाताले आफूले खोजेको रूपमा सूचना प्राप्त हुनु वा नहुनु स्वभाविक हो । तर प्राप्त सूचना आफ्नो अनुसन्धानमा कसरी प्रयोग गर्ने भन्ने प्रश्नको उत्तर अनुसन्धाताले अपनाउने अनुसन्धान विधिले निर्धारण गर्ने विषय हो । प्राप्त सन्दर्भलाई मेहेनतपूर्वक अध्ययन गर्ने र थप सामग्रीको सहयोगले पुस्तकालयमै बसी प्राप्त भएका तथ्यांकको पारस्परिक जाँच गर्ने कार्य पनि अनुसन्धाताको हुनजान्छ । यसरी प्राप्त तथ्यांक वा सूचना अनुसन्धानका विशिष्ट विधि प्रयोग गरी अध्ययन गर्ने र निश्कर्ष निकाल्न पनि पुस्तकालय नै महत्वपूर्ण हुन्छन् ।

विषय सामग्री र विधि दुवैका माध्ययमबाट अनुसन्धाताको प्रश्नका उत्तर खोजी गर्न पुस्तकालय उपयोगी सावित हुनेछ । तर त्यसका लागि अुनसन्धाताले विषय सम्वन्धी पुस्तकालय वा त्यस्ता पुस्तकालयका क्षेत्र छान्नुपर्ने हुन्छ । नेपालमा आमसञ्चार र पत्रकारिता सम्वन्धी सामग्री आवश्यक परेमा मार्टिन चौतारी पुस्तकालय जति उपयोगी स्थान अन्यत्र नहोला । त्यस्तै नेपाली भाषा साहित्यका पुस्तक वा पत्रपत्रिकाका लागि मदन पुरस्कार पुस्तकालयमा पहूँच पुऱ्याउनु पर्ने हुन्छ । पुस्तकालयमा एकै प्रकारका सामग्रीमात्र नहुने भएकाले सामग्रीमा हराउने भन्दा सामग्रीको चलाखीपूर्ण रूपमा प्राप्तिका लागि पुस्तकालयकर्मी र पुस्तकालय साधनको प्रयोगमा सम्वन्ध बढाउनु सफल अनुसन्धाताको गुण हो ।

## अन्त्यमा

अनुसन्धानका लागि पुस्तकालय प्रयोगको विधि महत्वपूर्ण छ तर यसको प्रयोग व्यवहारिक रूपमा सावधानीपूर्वक गर्नु पर्दछ । पुस्तकालयमा सामग्रीहरू फरक फरक स्थानमा संगृहित हुने सम्भावना बढी भएकाले एक अनुसन्धाता पुस्तकालयका कुना काप्चासम्म पुग्नु पर्दछ । सामग्री कहाँ थुप्रिएका छन् र तिनको प्रयोग कसरी बढी गर्न सकिन्छ भन्ने कोणबाट अनुसन्धाताले सोच्नु जरूरी छ । अनुसन्धाता पुस्तकालय, यसका सामग्री र विद्यमान प्रविधिसँग जानकार नहुन सक्छ यसको अर्थ सामग्री प्राप्तिमा नकारात्मक असर पर्नुहुदैन । आवश्यक जानकारी पछि पुस्तक, पत्रपत्रिका, अडियो, भिडियो एवं माइक्रोफिल्म जस्ता सामग्रीले सुसज्जित बनाएर मात्र आफ्नो अनुसन्धान पूरा गर्नु एक सफल अनुसन्धाताको परिचय हो । यस्ता सामग्री प्राप्त गर्न खोजकर्ताले यथेष्ठ पहल गर्ने र पुस्तकालयले उसको खोजी पूरा गर्न हरसम्भव प्रयास गरिदिनु नै आधुनिक पुस्तकालयमार्फत् सामग्री संकलनको विधि हो ।

सन्दर्भसूची :


- Hans Raj. 1999. *Theory & Practice in Social Research.* Delhi: Surjeet Publications. p. 106-112.
- Wolff, Howard K. and Pant, Prem R. 2005 [1975]. *Social Science Research and Thesis Writing.* Kathmandu: Buddha Academic Publishers and Distributors Pvt. Ltd. p. 322-323.
- मिश्र, नारायणप्रसाद र शान्ति मिश्र । २०३८ । *पुस्तकालय विज्ञानको रूपरेखा* । काठमाडौं : लेखकहरू स्वयं । पृ. २८५ ।
- निरौला, रमेश । २०६९ । *नेपालमा अनुसन्धान पुस्तकालय व्यवस्थापनका चुनौती* । जनमैत्री स्मारिका १२, १० । काठमाडौं : जनमैत्री बहुमुखी क्याम्पस । पृ. ८१-८३ ।



लेखक मार्टिन चौतारी पुस्तकालय प्रमुख हुन् ।

*सम्पर्क : orameshg@gmail.com*